# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २९ असार २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- २९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:२३ बजे प्रारम्भ भयो ।

(११:२५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(११:२५ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(११:२६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र ४ जना माननीय सदस्यहरूबाट संयुक्त रूपमा सुझावसहितको एउटा सूचना पेस हुन आएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथि सुझावको सूचना पेस गर्नुहुने संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई आफ्नो सुझावसहित छलफलमा भाग लिन समय उपलव्ध गराउँछु । समय ५ मिनेट ।

(११:२८ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी यो नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८० को सन्दर्भमा छलफलमा छौं । यस सन्दर्भमा यो सरकारले ल्याएको नीति तथा कार्यक्रम, बजेट यी सबै हामीले छिचोलिसकेपछि अब यो विधेयकमा हामी छलफल गर्न लागिरहेका छौं । र यसमा करका दरहरू निर्धारण गर्नेदेखि लिएर अन्य धेरै कुराहरू छन् । र त्यसमध्ये मैले नेतृत्व गरेको, हाम्रो समूह, ४ जनाको समूह, माननीयज्यूहरूको समूहले यो सुर्तीजन्य पदार्थको आयात अथवा स्वास्थ्य जोखिम कर भनेर विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित विँडीमा प्रतिखिल्ली ३० पैसा, चुरोट र सिगारमा प्रतिखिल्ली ६० पैसा र तयारी खाने सुर्ती, खैनी, गुट्खा, पान मसला प्रति किलोग्राम ६० रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लाई असुल गरिनेछ भनेर उल्लेख गरिएको छ । र यसको सन्दर्भमा हामीले संशोधन

राखेका छौं । विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादन हुने विंडीमा प्रतिखिल्ली ३० पैसाको सट्टा ४० पैसा कायम गर्ने र चुरोट सिगारमा प्रतिखिल्ली ६० पैसाको सट्टा ७५ पैसा कायम गर्ने र तयारी खाने सुर्ती, खैनी, पान मसला प्रतिकेजी ६० रुपैयाँका दरले भन्ने अङ्कको सट्टा प्रतिकेजी रु. ७० का दरले भन्ने अङ्कहरू थप्ने । हामीले यो सदनमा पनि धेरै छलफल गरिसकेको विषय हो यो । यो सुर्तीजन्य पदार्थ भनेको देशको स्वास्थ्यलाई हानी गर्ने, देशका जनताहरूको स्वास्थ्यलाई हानी गर्ने र अहिले यति बेला हाम्रो देशमा, अरू अरू देशमा त सुनिन्थ्यो । तर हाम्रो देशमा चाहिँ यो रोग लाग्ने सन्दर्भमा चाहिँ धेरै हिसाबले थुप्रै खालका रोगहरू सुर्तीजन्य पदार्थहरूबाट हुने त्यसमध्ये क्यान्सर जस्तो घातक रोग चाहिँ बढ्दै गएको अवस्था छ । त्यसकारणले गर्दाखेरि यो सुर्तीजन्य पदार्थमा लगाउने करमा चाहिँ बढाइनुपर्छ भनेर हामीले यहाँ बोल्दाखेरि पनि बोलेका थियौं । त्यसको आधारमा हामीले यो राखेका हौं ।

र अर्को कुरा के छ भने यसै दफा ७ कै ४ थप गर्नुपर्ने भनेर हामीले भन्या छौं । तीनटा उपदफाहरू छन् यहाँ, तीनटा उपदफामध्ये ३ उपदफापछाडि ४ उपदफा थपेर यसरी राख्नुपर्छ भनेर हामीले प्रस्ताव गर्‍या छौं । र यसमा के भन्या छौं भने ४ दफामा सुर्तीजन्य पदार्थबाट प्राप्त भएको करबाट प्राप्त रकमको ८० प्रतिशत क्यान्सर अस्पताल र स्वास्थ्य सेवामा खर्च गरिनुपर्छ भनेर हामीले चाहिँ यहाँ संशोधन प्रस्ताव राखेका छौं अथवा सुझाव राखेका छौं । यो संशोधन प्रस्ताव भन्दो रहेनछ । सुझाव भन्दो रहेछ । तर पनि हामीले यसलाई गम्भीरतापूर्वक त्यो सुर्तीजन्य पदार्थबाट अथवा स्वास्थ्य जोखिम कर भनेर जुन सरकारले उठाउँछ । त्यो चाहिँ थोरै मात्रामा मात्रै अस्पतालहरूलाई दिइने हामीले यहाँ विनियोजनमा देख्यौं । त्यसले गर्दाखेरि ८० प्रतिशत रकम चाहिँ क्यान्सर अस्पताल र स्वास्थ्य सेवामा नै लगाउनुपर्छ भनेर हामीले संशोधन राखेका छौं । अथवा सुझाव राखेका छौं । धन्यवाद ।

**(११:३३ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, उक्त विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**(११:३४ बजे)** **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यो आर्थिक ऐनको सन्दर्भमा मैले दुई ठाउँमा दुइटा विषयमा आफ्नो विचार राख्न

चाहन्छु । पहिलो चाहिँ यो भन्सारको शुल्कको सन्दर्भमा हो । यो पेज नम्बर ३४३ मा खास गरेर लगातार कम्तिमा १२ महिना काम गरेर फर्केको त्यस्तो यात्रुले ल्याएको सामाजिक सुरक्षा कोषमा सूचीकृत भएकोमा जुनसुकै आकार वा प्रकारको त्यस्तो कोषमा सूचीकृत नभएकोमा ३२ इन्च मतलब Last Year पनि मैले उठाएको थिएँ कि Remittance पठाउने हाम्रा युवा भाइबहिनीहरूले जुन बाहिरबाट पठाइराखुभ'को छ । त्यो National GDP मा Contribute गरिराखेको छ । तिनीहरूलाई Incourage गर्नको लागि उनीहरूले जुनसुकै आकार प्रकारको टेलिभिजन ल्याए पनि यदि १२ महिना लगातार बसेको छ भने त्यसमा शुल्क नलगाइयोस् भनेर मैले Last Year पनि मैले यो कुरा उठा'को थिएँ । तर तत्कालीन मन्त्रीज्यूले यो अहिले सम्भव छैन । धेरै दुरुपयोग भइरहेको छ भन्ने कुरा उठाउनुभा'थ्यो । तर यसपाली बडो सुविचारित औपचारिक रूपमा जुनसुकै आकार प्रकारको भए पनि लगातार १ वर्ष काम गरेको छ भने फर्किने बेलामा यदि सामाजिक सुरक्षा कोषमा सूचीकृत छ भने ल्याउन दिने भन्ने जुन सरकारको निर्णय छ, यो स्वागतयोग्य छ । यसलाई म समर्थन गर्न चाहन्छु । यसले ती भाइबहिनीहरूलाई Incourage गर्ने काम गर्छ । यो जायज निर्णय भ'को छ । नम्बर एक ।

नम्बर दुई अलिकति मेरो आलोचनात्मक टिप्पणी कहाँनिर छ भने यो पेज नम्बर ११ मा वैदेशिक पर्यटन शुल्क भनेर जुन राखिएको छ । यो नयाँ चिज हो । मलाई थाहा छ सायद अर्थ मन्त्रालय, नेपाल सरकारको दृष्टिकोण के होला भने, एउटा International Tourism लाई नेपालीहरूले बाहिर जाने कुराले Discourage गर्ने र Internal Tourism लाई Discourage गर्ने सन्दर्भ एउटा र अलिकति भए पनि राजस्वको मात्रा बढाउने भन्ने दुइटा उद्देश्यबाट यो वैदेशिक पर्यटन शुल्क ल्या'को हुनुपर्छ । यसमा मैले एउटा के देखें भन्दाखेरि एक त यसमा अलिकति Differential Approach भएन, अर्थ मन्त्रालयको Differential Approach के भएन भने निम्न मध्यम वर्गीय, मध्यम वर्गीयहरूले साल, २ सालमा पसिना कमाएर बचा'को पैसाबाट एकचोटी पटाया घुम्न जान्छ, या वाली घुम्न जान्छ, या श्रीलङ्का, माल्दिभ्स घुम्न जान्छ भने त्यसमा पनि यो ५ प्रतिशतको कर लाग्ने भो' । त्यसकारणले या त यो Differential Approaches मा कि यति Household यति आम्दानीभन्दा बढीकोलाई यति लाग्ने, योभन्दा कमकोलाई यति लाग्ने यो Approach हुनुपर्थ्यो । या त दुई वर्षमा या एक वर्षमा, वर्षमा दुई चोटी गयो भने लाग्ने, वर्षमा एक चोटी मात्रै गयो भने नलाग्ने, यो Approach भयो भने अलिकति Justice Oriented हुन्थ्यो । त्यतातिर म अलिकति ध्यानाकर्षण गर्न चाहन्छु । यदि आगामी दिनमा यसमा केही Reconciliation को ठाउँ छ भने यो गरिबहरूलाई अलि न्यूनतम Approach लाई अलिकति साह्रै

मारमा नपार्नको लागि त्यो किसिमले सोच्दियो भने आर्थिक हिसाबले सोच्न सक्यो भने मलाई लाग्छ करको निर्धारण चाहिँ Justice Oriented हुन्छ भनेर लाग्छ । धन्यवाद ।

(११:३७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(११:३७ बजे) **<u>माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथमतः यो छलफलमा भाग लिनुहुने माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । देवेन्द्र दाहालसहितको ४ जना माननीयज्यूहरूले सुझाव संयुक्त रूपमा प्रस्तुत गर्नुभएको छ । सँगै जितेन्द्र देवजीले पनि आफ्नो भनाइहरू राख्नुभएको छ, उहाँहरूलाई म धन्यवाद दिन चाहन्छु ।

सर्वप्रथम सुर्तीजन्य पदार्थहरूमा नेपालमा उच्च कर छ । यो मैले पहिला पनि निवेदन गरेको छु । सुर्तीजन्य पदार्थमा हरेक वर्ष चुरोट र सुर्तीमा अन्तशुल्क वृद्धि गरिएको छ । हाल चुरोट र सुर्तीमा मूल्यअभिवृद्धि कर पनि लगाइन्छ, स्वास्थ्य जोखिम कर पनि लगाइन्छ, अन्तशुल्क कर पनि लगाइन्छ । यी करहरू सबै जोड्दा उच्च दरमा कर लागिरहेको छ । उदाहरणको लागि ७० एमएमको फिल्टर चुरोटको प्रति प्याकेट कारखाना मूल्य रु. ४८ रुपैयाँ भएकोमा यसको बजार मूल्य ११८ रुपैयाँ छ । यसमा सबै कर गरी जम्मा रु. ७० कर लाग्छ । जुन कारखाना मूल्यको १४६ प्रतिशत हुन्छ । कतिपय माननीयज्यूहरूलाई यो बढेको मात्रै त्यतिमात्रै करै त्यति रहेछ कि भन्ने पऱ्या छ । हरेक वर्ष बढिराखेको छ । त्यसमाथि विभिन्न करहरू भएकाले उच्च कर नै लागेको छ ।

जहाँसम्म स्वास्थ्य जोखिम कर गुट्खाहरूमा पनि त्यही किसिमबाट चाहिँ लाग्या छ, अहिले चाहिँ प्रतिकेजी ८५० रुपैयाँ त्यसमा लाग्छ, कर लगाइएको छ । र यो स्वास्थ्य जोखिम करको विषयमा यो स्वास्थ्य क्षेत्रमै खर्च गर्नुपर्छ, क्यान्सर रोगको उपचारमा खर्च गर्नुपर्छ, रोकथाममा खर्च गर्नुपर्छ, सम्बन्धित अस्पतालमा खर्च गर्नुपर्छ भन्ने कुरा यहाँको राम्रो सुझाव छ । यहाँहरूको राम्रो सल्लाह छ, यो खर्च पनि भैराख्या छ, आखिर स्वास्थ्य क्षेत्रमा खाली यो स्वास्थ्य जोखिम कर मात्रै विनियोजन गरेर स्वास्थ्य क्षेत्रमा जुन लगानीको अवश्यकता छ, त्यो

पूर्ति हुँदैन । त्योभन्दा धेरै विनियोजन स्वास्थ्य क्षेत्रमा भइराख्या छ । र अझै ज्यादा गर्ने हाम्रो इच्छा छ । तर अब स्रोतको सीमितताले र आवश्यकता अत्यधिक ज्यादा स्रोत चाहिँ सीमित भएको कारणले हामीले चाहे जस्तो अझ हामीले गर्न सक्या छैनौं । यसपाला हामी करको दायरालाई फराकिलो चाहिँ पारिराख्या छौं । यसले गर्दा राजस्व बढ्छ भन्ने हामीलाई चाहिँ विश्वास छ । सबैतिरको यसमा सहयोग चाहिन्छ । र सँगसँगै अर्थतन्त्र पनि विस्तारै चलायमान हुँदैछ । मूल्यवृद्धि पनि घटेको छ । यो पछिल्लो समयभन्दा अहिले चाहिँ घटेको छ । र सकारात्मकतातर्फ अर्थतन्त्र बढेको छ । ब्याजदर पनि अलिकति त्यहाँ सहजता हुने बित्तिकै मलाई लाग्छ थप चलायमान हुन्छ । यसले चाहिँ राजस्व वृद्धि हुने चाहिँ प्रशस्त आधार यसले दिन्छ । र हामी स्वास्थ्य क्षेत्रमा अझ ज्यादा स्वास्थ्य जोखिम शुल्क मात्रै होइन कि त्यतिले त पुग्दै पुग्दैन । अरू धेरै विनियोजन गर्नुपर्ने आवश्यकता छ । त्यसतर्फ सरकार गम्भीरताका साथ लाग्छ । र ४ जना माननीयज्यूहरूले देवेन्द्रजीलगायत माननीयज्यूहरूले राखेको जुन सुझाव छ । त्यसलाई सहर्ष हामी आत्मसात् गर्छौं । र आउने दिनमा स्वास्थ्य क्षेत्रमा अझ बढी कसरी विनियोजन गर्न सकिन्छ । र गाउँ, गाउँ दुर्गम क्षेत्रमा समेत न्यूनतम स्वास्थ्य उपचार र रोकथामको सुनिश्चितता गर्ने, Basic health care सुनिश्चित गर्ने भन्ने जुन चाहिँ राज्यको त्यो लक्ष्य छ । त्यो पूर्ति गर्नतर्फ हामी क्रियाशील हुन्छौं ।

अब जहाँसम्म हाम्रो देव नारायणजीले जुन राख्नुभा'छ । पहिलो कुरा त उहाँलाई म धन्यवाद दिन चाहन्छु । यो विदेशमा काम गरिरहेका नेपालीहरू, श्रमिकहरू एक वर्ष काम गरिसकेपछि हामीले पहिला चाहिँ निश्चित साइजको टिभी मात्रै ल्याउन पाउने भन्ने थियो । अहिले जुनसुकै साइजको पनि ल्याउन पाउने भन्ने निर्णय गऱ्या छौं । कम से कम positive parts लाई पनि यहाँ भएका धेरै सकारात्मक कुराहरू छन् । सुविधा दिने कुराहरू छन् । incentives दिने कुराहरू छन् । त्यसलाई वहाँले चाहिँ त्यो उल्लेख गर्दिनुभयो । नत्र अब यो नभा' कुराहरू मात्रै धेरै चाहिँ छलफलमा आउँछ नि, भएका कुराहरू चाहिँ छलफलमा आउँदैन, त्यसको लागि म धन्यवाद दिन चाहन्छु । सँगसँगै यो वैदेशिक पर्यटन शुल्कको विषयमा हामीले यो आन्तरिक पर्यटनलाई promote गर्नुपऱ्यो । विदेशीहरू नेपालमा आउँदा लगाउने कर होइन यहाँ । विदेशमा जाने नेपालीहरू जो चाहिँ group tour गर्छन् । विभिन्न ठाउँमा पुग्छन् । केही अलिकति आर्थिक हैसियत नभइकन चाहिँ पुग्दैनन् । त्यसकारण त्यसमा पनि हामीले सामान्य धेरै ठुलो कर लगाएको होइन । त्यसलाई चाहिँ हाम्रो देश पनि धेरै हेर्न लायक ठाउँहरू छन् । बरु विदेश जान सट्टा चाहिँ यति खर्च हामी रारा जाऔँ । खप्तड जाऔँ । उता माथि ताप्लेजुङ पुगौं । धनकुटामाथि पुगौं । सगरमाथाको बेसमा पुगौं । यता चाहिँ लाम्टाङ पुगौं । रोल्पा,

रुकुमको माथि पुगौं । कर्णालीको माथि पुगौं । यी सबै कुरा होस् भनेरै यो कर लगाएको हो । र त्यसमा यो समयअनुसार के गर्दाखेरि उपयुक्त हुन्छ । त्यसमा त सधैं हामी खुला छँदै छौं फेरि । यो सबै चिज हामीले प्रस्ताव गऱ्या कुराहरू चाहिँ अब hundred percent दायाँ बायाँ केही पनि गर्न नहुने भन्ने कुरो हुँदैन । मोटामोटी यसो गर्दाखेरि राम्रो हुन्छ भन्ने आकलनको आधारमा यो निर्णय गरिएको हुन्छ । र समग्रतामा चाहिँ यो ठिकै छ भन्ने लाग्या छ । राम्रै छ । यसले राम्रै नतिजा दिन्छ भन्ने लाग्या छ । आउने दिनमा यसको चाहिँ प्रभावहरूलाई चाहिँ मूल्याङ्कन गरेर केही हरेक वर्ष त यसको चाहिँ review गर्ने प्रक्रियाहरू चाहिँ छँदै छ । के हामीले चाहिँ प्रस्ताव गरेका करहरूले चाहिँ कहाँ कहाँ के कस्ता चाहिँ सकारात्मक प्रभाव परे । कहाँ चाहिँ नकारात्मक प्रभाव पऱ्यो । त्यसकै मूल्याङ्कन गरेर हामी समीक्षा गरेर फेरि एउटा निष्कर्षमा पुग्छौं । जे होस्, जे सुझाव सल्लाह यहाँ आएको छ । त्यो अत्यन्त मननीय छ । त्यसका लागि मैले सम्पूर्ण माननीयज्यूहरूलाई सम्माननीय अध्यक्ष महोदयमार्फत धन्यवाद दिन चाहन्छु । धन्यवाद जय नेपाल ।

(११:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई आफ्नो सुझाव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(११:४६ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो हामीले उठाएका कुराहरू genuine कुराहरू नै थिएँ । त्यसलाई चाहिँ अब मन्त्रीज्यूको जवाफबाट चाहिँ मलाई के लाग्यो भने यो जुन हामीले राखेको प्रस्ताव छ । त्यसलाई स्वीकार गर्नेभन्दा पनि सम्मान मात्रै गर्ने कुराहरू आए । त्यसले गर्दाखेरि हाम्रो प्रस्ताव चाहिँ फिर्ता लिन चाहन्नँ ।

(११:४७ बजे) **सम्माननीय अध्यक्ष**:- संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहालले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८०" माथिको सुझावलाई फिर्ता लिन नचाहनुभएकोले उक्त सुझावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट सरी "हुन्न" भन्ने, म यसलाई फेरि सच्याउँछु । यहाँ माननीयज्यूहरूले पनि दुवैतिर बोलेर अलिकति रमाइलो पनि गर्नुभो' ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहालले राख्नुभएको उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ४७ सम्म र सोसँग संयुक्त अनुसूची- १ देखि ४ सम्म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि ४७ सम्म र सोसँग सम्बन्धित अनुसूची- १ देखि ४ सम्म बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**: नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासनसम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४२, ४३ र ४५ तुरुन्त प्रारम्भ हुने छन् र अन्य दफाहरू संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुने छन् ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "आर्थिक विधेयक, २०८० लाई मूल रूपमै सुझाव दिन पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(११:५० बजे)** **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८०

लाई मूल रूपमै सुझावविना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(११:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । आर्थिक विधेयक, २०८० लाई मूल रूपमै सुझाव दिन पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस् भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "आर्थिक विधेयक, २०८०" लाई मूल रूपमै सुझावविना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्यणार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउन विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र ४ जना माननीय सदस्यहरूबाट संयुक्त रूपमा सुझावसहितको एउटा सूचना पेस हुन आएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि सुझावको सूचना पेस गर्नुहुने संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय भैरव सुन्दर श्रेष्ठलाई आफ्नो सुझावसहित छलफलमा भाग लिन समय उपलब्ध गराउँछु । समय ५ मिनेट ।

(११:५४ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभा नियमावलीबमोजिम हामीले यो राष्ट्र ऋण उठाउने विधेयक अधिकारको व्यवस्था गर्न बनेको विधेयकका सन्दर्भमा हामीले राष्ट्रिय सभाको नियमावलीबमोजिम केही सुझाव चाहिँ विधेयकलाई अझै समृद्ध बनाउनका निम्ति र राम्रो बनाउनका निम्ति सुझाव राखेका छौं । यो विधेयकको दफा २ मा उल्लेख भएको कुराहरू करिब २ खर्ब, ४० अर्ब रुपियाँ ऋण लिने कुराहरू उल्लेख गरिएको छ । हामीले यति ठुलो रकम चाहिँ राष्ट्रका लागि पहिले पनि हामी करिब २१ खर्ब, ७३ अर्ब, २४ करोड रुपियाँ ऋण लिइसक्या छौं । थप त्यसमाथि २ खर्ब, ४० अर्ब रुपियाँ ऋण लिने भने देशलाई बढी आर्थिक व्ययभार पर्न जान्छ । त्यसको निम्ति निश्चित मापदण्ड बनाएर, एउटा standard कायम गरेर हरेक वर्ष २० पर्सेन्टका दरले ऋणहरू घटाउँदै जानुपर्छ भन्ने उद्देश्य राखेर हामीले सुझावहरू राखेका छौं र के लेखेका छौं भन्दा त्यसमा चाहिँ लेखिएको छ, तिर्न बाँकी रकममा थप रु. २ खर्ब, ४० अर्ब खर्च लेखिएको छ । त्यसमा हामीले के लेखेका छौं भने तिर्न बाँकी रकममा थप २ खर्ब, ४०

अर्बको अङ्कको सट्टा २ खर्ब, ४ अर्ब, ८० करोड रुपियाँ मात्रै लिइनुपर्छ भन्ने कुराहरू सुझावको रूपमा राख्न चाहिँ चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, हामी यो अहिले पनि देशले यो आन्तरिक ऋणतर्फ १० खर्ब, ९९ अर्ब, ७२ करोड रुपियाँ चाहिँ आन्तरिक ऋण छ । वैदेशिक ऋणतर्फ १० खर्ब, ७३ अर्ब, ५२ करोड चाहिँ छ । यसरी जम्माजम्मी २१ खर्ब, ७३ अर्ब, २४ करोडमा हामी ऋण व्ययभार भई बेहोरिरहेका छौं । सरकारले करिब २ खर्ब सावाँ र ब्याज भर्खरै बुझाको छ । म सम्माननीय अध्यक्षज्यूमार्फत फेरि पनि भन्न चाहन्छु । यो सामाजिक सञ्जाल पत्रपत्रिकामा आएको छ । भर्खरै सरकारले २ खर्ब करिब करिब २ खर्ब सावाँ र ब्याज तिरेको छ भने आन्तरिक ऋणतर्फ ३ खर्ब, ६ अर्ब रुपियाँ लिने कुराहरू पत्रिकाहरूमा आ'को छ । यसको विषय के हो म प्रष्ट हुन चाहन्छु । र सरकारले यो चालु आ.व. भित्र करिब २ खर्ब, ५६ अर्ब रुपैयाँ मात्र आन्तरिक ऋण लिने कुराहरू गरेको चाहिँ थियो । त्यसमध्येमा त्यसको यति धेरै ठुलो रकम लिनुहुँदैन । देशलाई आर्थिक व्ययभारमा पार्नुहुँदैन भन्ने हामी सबैको चाहना हो । यो देशभरिकै जनताको चाहना हो । यसले गर्दा यति धेरै ठुलो रकम लिएर देशलाई वर्षौं ऋणमा डुबाइराख्ने कुरा र अन्तमा देश हामीले अरू आर्थिक रूपमा ती जल्दाबल्दा मुलुकहरूको तुलनामा हाम्रो नेपाललाई पनि त्यसतर्फ लिने कुराहरू ..... भन्ने कुरा नै हो । र अरू देशहरूले ऋण लिइसकेपछि त्यो ऋण विकासको क्षेत्रमा प्रयोग गर्छन् । आन्तरिक उत्पादनमा प्रयोग गर्छन् । त्यसरी हामी पनि के हो भने ऋण लिइसकेपछि ऋण लिएर त्यो ऋणको सावाँ र ब्याज तिर्नका निम्ति पनि ऋण लिनुपर्ने अवस्था पनि देशको आइसक्यो । यसले गर्दाखेरि त्यसतर्फ नभएर सरकारले जुन अगाडि कार्यक्रम सार्वजनिक गरेको त्यो कार्यक्रममध्ये आन्तरिक उत्पादनलाई वृद्धि चाहिँ गर्ने त्यसैसँग आन्तरिक उत्पादनसँग ऋण कम लिएर देशलाई आर्थिक व्ययभारमा नपार्नका निम्ति म सम्माननीय अध्यक्षमार्फत म अर्थमन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु । र यति ठुलो बजेट छ । यति ठुलो बजेटमाथि राजस्व हामीले १४ खर्ब, ३ अर्ब हामीले राखेका थियौं । संशोधित अनुमान हामीले २१ खर्ब, ८० अर्ब चाहिँ थियो र प्रगति अस्तिसम्मको कुराले ९ खर्ब, १ अर्ब मात्रै राजस्व मात्रै हाम्रो सङ्कलन भ'को छ । वैदेशिक अनुदानमा हामीले ५५ अर्ब रुपियाँ राखेका थियौं । त्यसमध्येमा संशोधित अनुमान हामी ३८ अर्ब, ४६ करोड थियो । र अहिलेसम्मको प्राप्त भएको ४ अर्ब, ८० करोड रुपियाँ मात्रै छ । त्यसै गरी वैदेशिक ऋण भनेर हामीले २ खर्ब, ४५ अर्बको लक्ष्य गरेका थियौं । त्यसमा पनि वैदेशिक ऋण पनि त्यस भनेअनुरूपको पैसा चाहिँ आउन सकेन । यसले गर्दाखेरि अवस्था यस्तो खालको छ र यो अवस्थालाई Meet गर्नका निम्ति आन्तरिक ऋण चाहिँ यसरी बढाउँदाखेरि

देशलाई फेरि पनि आर्थिक व्ययभार पर्न जान्छ । यसतर्फ सरकार नगइदियोस् । र यो अलिकति चाहिँ २० पर्सेन्टको हाराहारीमा ऋण तिर्ने कुरातर्फ सरकार लागोस् । किन भन्दाखेरि यति धेरै ठुलो ऋण ल्याइसकेपछि हामीले वर्षेनी कति ऋण तिरेका छौँ त भन्ने कुरो ठुलो कुरा हो र उद्देश्य पनि त्यही हुनुपर्छ भन्ने कुरा राख्न चाहन्छु ।

र पुरानो चाहिँ ऋण तिर्नुपर्ने पनि २१ खर्ब, ७३ अर्ब रुपियाँ चाहिँ छ । यो पनि हामी कसरी तिर्छौं? यसले गर्दाखेरि वर्षेनी देशलाई आर्थिक व्ययभारमा पर्न जान दिनुहुँदैन । यसतर्फ अर्थमन्त्रीज्यूको ध्यान जाओस् भन्ने कुरा राख्दै आफ्नो दलको तर्फबाट सुझाव राख्न चाहन्छु । धन्यवाद ।

(११:५८ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, उक्त विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय मृगेन्द्र कुमार सिंह यादव ।

(११:५९ बजे) **माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**ः- भनिन्छ, "ऋणं लिएत्, घृतं पिवेत्" त्यो चाहिँ चरितार्थ नहोस् र यो उत्पादनशील क्षेत्रमा चाहिँ ऋण लिएपछि चाहिँ उत्पादनशील क्षेत्रमा लगाइयोस् र त्यसले चाहिँ चुक्ता गर्ने ..... पनि गरियोस् । त्यही सुझाव दिँदै म बिदा हुन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय जितेन्द्र नारायण देव ।

(१२:०० बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, मेरो विधेयकको दफा २ को उपदफा ३ मा माननीय मन्त्रीज्यूको ध्यानाकर्षण छ । यसमा यस दफाबमोजिम उठाइएको राष्ट्र ऋणको सावाँ ब्याज भुक्तानी गर्ने अवधि, अवधि र सो ऋणको ब्याजको दर, ब्याजको दर सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ बमोजिम हुने छ भन्ने कुरा उल्लेख भ'को छ । यसमा मेरो सुझाव के छ भने माननीय मन्त्रीज्यूलाई कि हिजो माननीय मन्त्रीज्यूले सैद्धान्तिक छलफलको सन्दर्भमा नेपाल सरकारले जुन राष्ट्रिय ऋण

उठाइराखेको छ, त्यसको मक्सद, त्यसको उद्देश्यको बारेमा बडो penetrating ढङ्गले, बहुत चित्त बुझ्दो ढङ्गले र एकदम आर्थिक विश्लेषणको कोणबाट, म पनि एउटा अर्थशास्त्रको विद्यार्थी हुँ । त्यसकारण मलाई बडा penetrating लाग्यो । त्यो राष्ट्रिय ऋण उठाउनुपर्ने नेपालकै पनि ठुल्ठुला businesses हरू देख्यौं भने कुनै पनि business चाहे त्यो star hotel होस् कि, ठुला industry हरू होस्, सबैले बैङ्कबाट लोन लिएको छ । त्यसकारण सरकारले लोन नलिने कुरै छैन । दुनियामा सबै सरकारले लिरा' छ, हामी पनि लिँदै आएका छौं, नेपाल सरकारले लिइराखेको छ हैन ।

तर त्यो ऋण चाहिँ productive sector मा खर्च गर्ने र पुँजी निर्माणको प्रक्रियालाई बाहार आउने गरी खर्च गर्ने, इमान्दारी साथ । यो कुरामा जुन हिजो अर्थमन्त्रीजीले जोड दिनुभो', त्यसले मलाई धेरै penetrate गऱ्यो त्यो कुराले । त्यसको लागि आगामी दिनमा पनि एउटा guiding principle ले गरोस् । यो ऋण, ऋण चैं घ्यु खाने गरी लिने कुरा होइन । ऋण लिएर हामी आफ्नो पुँजीलाई बढोत्तरी गर्ने र त्यसलाई फेरि reinvestment गर्ने, return प्रतिफल लिने, त्यसलाई फेरि reinvestment गर्ने, जुन पुँजी पढ्दाखेरि पनि हामी देख्छौं । यो सन्दर्भमा म के सुझाव दिन चाहन्छु नेपाल सरकारलाई कि अब नेपाल सरकारले कि नेपाल सरकार लिएको ऋणलाई यसरी हामीले productive sector मा खर्च गरिरा' छौं, त्यो प्रक्रियाबाट रोजगारी सिर्जना भइरा' छ, उत्पादन बढिराखेको छ, उत्पादकत्व बढिराखेको छ, GDP बढिराखेको छ, यसले ecomony मा एउटा नयाँ किसिमको एउटा वातावरण create गरिरा' छ । त्यसकारणले यो ब्याजको दरको बारेमा र सावाँ ब्याज भुक्तानी गर्ने अवधिको बारेमा जुन अहिले सार्वजनिक ऋण व्यवस्थापन ऐनमा जुन existing व्यवस्था छ, त्यसमाथि rethink होस् । त्यस बारेमा बैङ्कहरूसँग नेपाल सरकारले विचार गर्नुपर्छ र नेपाल सरकारले लिने जुन ऋणी छ, त्यसको चाहिँ ब्याजको दरको बारेमा ब्याजको दर पनि घटोस् र अरू पनि सावाँ ब्याजको भुक्तानीको अवधि पनि बढोस् भन्ने किसिमबाट नेपाल सरकारले वार्ता थालनी गर्नुपर्छ र यो ऐनले अलिकति नयाँ ढङ्गले review गरेर संशोधन गर्नेतिर जान्छ । यो नेपाल सरकारलाई र देशलाई नै यो फाइदा हुने कुरा हो । त्यसकारण ध्यानाकर्षण मैले गरें । यो ऐनलाई संशोधन गर्ने किसिमबाट छलफल नेपाल सरकारले चलाउनुपर्छ । बैङ्कमा थुप्रै पैसा छ तर त्यो ऋण प्रवाह भइराखेको छैन, अहिलेको चैं economic indicator हरूलाई र data हरूलाई हेर्ने हो भने । त्यसकारण यो ऐनमा अलिकति छलफल होस् .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१२:०२ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले यो मन्त्रालयको बजेट विनियोजनको छलफलमा भाग लिदाखेरि सबैभन्दा धेरै बजेट चैं अर्थमन्त्रालयको यो आन्तरिक ऋण भुक्तानीमा अगिल्लो वर्षको तुलनामा १०५ प्रतिशतले वृद्धि भएको कुरा यहाँ भनेको पनि थिएँ । यो शीर्षकमा मैले अलिकति यो विधेयकसम्बन्धी link गर्न खोजेको । यो शीर्षकमा चैं अगिल्लोपटक १३४ अर्बको बजेट रहेको मा अहिले चैं २७५ अर्ब छ । यसमा वैदेशिक ऋण मात्रै हामीले जोड्ने हो भने चैं यो figure धेरै माथि जान्छ । अब यसले के सङ्केत गर्छ भने विस्तारै हामी ऋणको पासोमा चैं पर्दै छौं । यो cumulative figure भन्ने हो भने धेरै ठुलो छ । म आर्थिक सर्वेक्षणकै कुरा गर्दाखेरि पनि २१ खर्ब चैं हामीले तिर्नुपर्ने ऋण छ । अब हामीले ५० खरबकै GDP लाई अनुमान मान्ने हो भने पनि हाम्रो वैदेशिक, हामीले तिर्नुपर्ने ऋण दायित्व चैं GDP को ४२ प्रतिशत जति छ । अब यो उद्योग व्यवसायलगायतमा हामीले व्यक्तिले त ऋण लिन्छ लिन्छ, सरकारले त ऋण लिनैपर्छ, जरुरी पनि छ । तर कहिलेकाहीँ हामी अब यो कतै ऋण लिएर हामीले अब कहीँ घ्यु खाँदै त गऱ्या छैनौं भन्ने कुराहरूमा यो ज्वलन्त सवाल पनि हो । र मन्त्रालयको, कतिपय मन्त्रालयको बजेट हेर्दाखेरि वैदेशिक ऋण लिएर त्यो एकदमै त्यो अनुत्पादक क्षेत्रमा लगानी गरेको जस्तो देखिएको छ । अलि ......(आवाज नसुनिएको) । (**<u>सम्माननीय अध्यक्ष</u>**:- समय छ । माइक आफैं त्यहाँ के गर्नुभो') ।

मैले अलिकति केही देशको data छ, सम्माननीय अध्यक्षज्यू । हामी ऋण लिएर डराउने पनि होइन । मैले भर्खरै यो केही देशहरूको ऋणको कति लेको रैछ GDP को भनेर quickly हेर्दाखेरि जापानकै ऋण चैं कुल GDP को २६२ प्रतिशत र'छ । सिङ्गापुरको १६० प्रतिशत, भुटानको १३५ प्रतिशत र'छ, भारतकै करिब ९० प्रतिशत छ र श्रीलङ्काको १०५ प्रतिशत रहेछ भनेपछि GDP को भनेपछि हामी तर्सिने, डराउने होइन । त्यसले गर्दाखेरि ऋण चैं लिनैपर्छ, जरुरी पनि छ । तर यसको अर्थ यो होइन कि ऋण लिएर हामीले जथाभावी खर्च गर्नु पनि होइन ।

र अर्को मलाई एकदमै एकदम मलाई मन परेको कुरा के हो भने हामीले विधेयक बनाउँदखेरि यति सानो चुस्त खालको विधेयक पनि बनाउनुपऱ्यो के । जम्मा ४ पेजको, २ पेजको मात्र विधेयक छ, सम्माननीय अध्यक्षज्यू । त्यसकारण हामीले विधेयक यति ठुलो, भारी बनाउँछौं । त्यसकारण त्योभन्दा पनि विधेयक बनाउँदाखेरि पनि हामीले अलिकति योबाट पनि केही lesson लिनुपर्छ कि भन्ने मेरो सुझाव पनि हो, सल्लाह पनि हो । हवस् त, धन्यवाद ।

**(१२:०४ बजे) सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**(१२:०४ बजे) माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म यो छलफलमा सहभागी हुने भैरव सुन्दर श्रेष्ठलगायतका साथीहरूको सुझाव समूह, त्यस्तै गरेर वीरेन्द्र यादवजी, माननीय जितेन्द्र देवजी र माननीय खिमलाल देवकोटाजी लाई धन्यवाद दनि चाहन्छु । मैले हिजो राष्ट्र ऋण उठाउने सम्बन्धको सैद्धान्तिक छलफलको बेलामा पनि यस सम्बन्धमा राखेको थिएँ । त्यसलाई म धेरै दोहो-याउन चहान्नँ । तर म के भन्न चाहन्छु भने हामीले जुन ऋण उठाइराखेका छौं, त्यो हाम्रो आवश्यकताअनुसार उठाउनुपर्छ । हाम्रो आवश्यकता के छ? कुन क्षेत्रमा सबभन्दा ज्यादा प्रभाव पर्छ? यसले चैं उत्पादन वृद्धि पुँजी निर्माणमा कति सघाउँछ? भनेर नै हामीले ऋण लिनुपर्छ । माननीयज्यूले जुन उल्लेख गर्नुभयो, विभिन्न देशको उदाहरण दिएर, हाम्रोभन्दा प्रतिशतमा पनि निकै ज्यादा, उहाँले ऋण, ..... अमेरिकाको पनि त्यस्तै हो । अत्यन्त ज्यादा छ । तर उहाँले उठाउनुहुन्छ । तर त्यसको फेरि प्रतिफल आउने गरेर खर्च हुन्छ । त्यसले गर्दाखेरि फरक पर्दैन । त्यसो हुनाले हामीले सोच्नुपर्ने चैं के हो भने कति ऋण लियौं? भन्ने भन्दा पनि त्यो ऋण कहाँ खर्च गयौं? कसरी खर्च गयौं? त्यो महत्त्वपूर्ण कुरो हो । त्यसमा चैं हामी गम्भीर हुनैपर्छ ।

र कतिपय अवस्थामा पछिल्लो समयमा पनि हामीले लिएको ऋण उपयुक्त ठाउँमा खर्च भएन । हाम्रो चासो र चिन्ता हुनुपर्ने चैं त्यो विषय हो भन्ने मलाई लाग्छ । त्यसकारण हामीले अहिले ऋण लिने कुरा गर्दाखेरि विदेशी दाता होस् या आन्तरिक बैङ्कहरूबाट राष्ट्र ऋण उठाउने कुरा होस्, यसलाई चैं प्राथमिकताका साथ हामीले उठाएका छौं । र किन लिने? र कहाँ खर्च गर्ने? र त्यसको प्रतिफल कसरी सुनिश्चित गर्ने? Implementation को हिसाबले पनि, त्यसमा हामी गम्भीर हुनुपर्छ । त्यसो हुनाले जुन राष्ट्र ऋण उठाउने सम्बन्धमा भैरव सुन्दर श्रेष्ठजीले यो अझै घटाउनुपऱ्यो भनेर चैं भन्नुभा'को छ । यो हामीले यो सालभन्दा घटाएकै छौं । मैले हिजो पनि उल्लेख गरें । GDP को ४.६ प्रतिशत, ५ प्रतिशतसम्म एउटा normal आन्तरिक ऋण उठाउने एउटा हामीले चैं norms बनाएका छौं । र यो सालभन्दा हामीले कम उठाउने निर्णय

गयौं । किन निर्णय गयौं भने यसले चैं निजी क्षेत्रले जुन ऋण लिन्छ, त्यो ऋण लिने त्यो space लाई कम गर्छ, त्यो ठाउँलाई कम गर्छ । त्यसो हुनाले निजी क्षेत्रले पनि ऋण लिनुपर्छ र उत्पादनशील क्षत्रेमा खर्च गर्नुपर्छ । त्यसो हुनाले राज्यले त्यो धेरै खोस्दिनुहुन्न भनेर यो चैं हामीले गऱ्या छौं । त्यसमाथि यो अहिले ब्याजदर पनि ज्यादा भ'को हुनाले पनि त्यसको दायित्व, त्यसबाट return हुने कुराहरूलाई पनि हामीले मध्यनजर राख्नुपर्छ । तर हाम्रो आन्तरिक ऋण उठाउनुपर्ने आवश्यकता चैं पऱ्यो । त्यो कारणले चैं हामीले उठाएका छौं । र जे figure हामीले प्रस्ताव गऱ्या छौं, त्यो चैं उपयुक्त छ भन्ने मलाई लाग्या छ । त्यो हुनाले त्योभन्दा अझ घटाउनुपर्थ्यो भन्ने जुन चैं सल्लाह यहाँहरूको छ, त्यो सल्लाहको लागि त म धन्यवाद दिन चाहन्छु, तर योभन्दा अझ तल झार्नुपर्ने आवश्यकता छैन । एकातिर हामीले बजेट नै थोरै भयो । हामीले सम्बन्धित ठाउँमा बजेटै प्राप्त गरेनौं भन्ने पनि त सङ्घीय गुनासो आ'को छ ।

त्यसकारण स्रोत नजुटाइकन त हामीले कसरी विनियोजन गर्न सक्छौं? जुन विनियोजनमा हामी छलफल गऱ्यौं । त्यसकारण स्रोत त चाहियो । राजस्व यसपाला कम भयो, हामी सबैलाई थाहा छ । राजस्व कम भएको अवस्थामा हामीले ऋणको कुरा पनि धेरै कटौती गयौं भने त एकातिर हाम्रो fixed दायित्व छ । सामाजिक सुरक्षा, तलब भत्ता त हामीले तिर्नैपर्छ । अनि पुँजीगत खर्च घट्छ कि के त भन्दा पुँजीगत खर्च घट्छ । फेरि विदेश र स्वदेशी ऋण लिएको जुन छौं हामीले, त्यसको सावाँ ब्याजको दायित्व पनि बढिरा' छ । त्यसमा हाम्रो निकै हामीले गम्भीरताका साथ त्यसलाई पनि लिएका छौं । त्यसो हुनाले पनि मलाई लाग्छ यो उपयुक्त नै छ भन्ने मलाई लाग्छ ।

एउटा महत्त्वपूर्ण मैले नै उठाइराखेको कुराहरू, यो चैं ऋण लिएर घ्यु खाने कुरा । ऋण लिएर हामीले चैं गाईवस्तु किनेर अनि त्यसबाट उत्पादित दुधबाट चैं घ्यु खायौं भने त्यो चैं sustainable भो' । घ्यु किनेर खाने, को चैं यो गाई, भैंसी पालिरहोस् भनेर भन्ने हो भने त त्यो दिगो भएन । त्यसबाट पुँजी निर्माण भएन । पुँजी निर्माण हुनुपऱ्यो । पुँजी निर्माण भनेको के हो भने तपाईंले जहाँ लगानी गर्नुहुन्छ, जस्तो हामी बल्छी किन्न दिने भन्छौं नि यो माछा मार्नलाई, माछै दियो भने त त्यो खायो सक्यो भन्याजस्तै हामीले उत्पादन बढाउने हिसाबले त्यो ऋण लिनुपऱ्यो । त्यसमा जुन माननीयज्यूहरूको सल्लाह आएको छ, अत्यन्त उपयुक्त सल्लाह आएको छ । त्यसलाई चैं मैले गम्भीरताका साथ लिएको छु र सरकारले गम्भीरताका साथ लिन्छ भन्ने मलाई लाग्या छ । उत्पादनशील क्षेत्रमै लगानी गर्नुपर्छ । अत्यन्त सजग भएर कुन ठाउँमा के को लागि ऋण आउँदै छ? कुन सर्तमा आउँदै छ? त्यसबाट प्रतिफल के आउँछ

देशलाई? अल्पकाल मात्रै हेरेर भएन, दीर्घकालसम्मको पनि एउटा मूल्याङ्कन गरेर, विश्लेषण गरेर, अनुसन्धान गरेर निष्कर्षमा पुग्नुपर्छ भन्दै यहाँहरूको जुन महत्त्वपूर्ण सुझाव र सल्लाहको लागि धन्यवाद दिँदै बिदा हुन्छु । धन्यवाद, जय नेपाल ।

(१२:१० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय भैरव सुन्दर श्रेष्ठलाई आफ्नो सुझाव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१२:१० बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामीले सुझाव राखेका थियौं, दलको तर्फबाट माननीय देवेन्द्र दाहाल, माननीय भगवती न्यौपाने, माननीय सुमित्रा वि.सी र मसहित ४ जना हामीले सुझाव राखेका थियौं । माननीय अर्थमन्त्रीज्यूले जति कुरा गरे पनि अर्थशास्त्रीय हुनुहुन्छ । अर्थशास्त्रको हिसाबले जति राम्रो कुरा गरे पनि हाम्रो अवस्था भनेको ऋण लिएर त्यो ऋणको साउँ र ब्याज तिर्नलाई फेरि ऋण लिनुपर्ने अवस्थामा हामी छौं । यस्तो अवस्थामा देशको आर्थिक व्ययभार पर्ने गरी ऋण लिनुहुँदैन । ऋण लिए पनि कम लिनुपर्छ भन्ने उद्देश्यका साथ हामीले केही सुझाव, केही सल्लाह दिएका थियौं । त्यो सुझाव, सुल्लाहमा राम्रो त भन्नुभयो तर त्यसलाई त्यसैअनुसार गरिने छ भन्ने कुरा राख्न सक्नुभएन । यसले गर्दा हाम्रो यो सुझाव यथावत् रहेको कुरा चैं जानकारी गराउँछु । धन्यवाद ।

(१२:१२ बजे) **सम्माननीय अध्यक्ष**:- संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय भैरव सुन्दर श्रेष्ठले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" माथिको सुझावलाई फिर्ता लिन नचाहनुभएकोले उक्त सुझावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संयुक्त सुझावकर्ता सदस्यहरूको तर्फबाट माननीय भैरव सुन्दर श्रेष्ठले राख्नुभएको उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

__प्रस्तावना__ः आर्थिक वर्ष २०८०/८१ को निमित्त नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. __सङ्क्षिप्त नाम र प्रारम्भ__ः (१) यस ऐनको नाम " राष्ट्र ऋण उठाउने ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित

प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ उपनियम (७) बमोजिम "राष्ट्र ऋण उठाउने विधेयक, २०८० लाई मूल रूपमै सुझावविना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१२:१३ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० लाई मूल रूपमै सुझावविना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१२:१४ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० लाई मूल रूपमै सुझावविना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल साउन १ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल साउन १ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १२ः१४ बजे ।**